# <u>सम्झौता-पत्र</u>

काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. ०४, बालुवाटार, काठमाण्डौ स्थित सचिवालय रहेको **गैरआवासीय नेपाली संघ...१** (जसलाई यसपछि **"संघ"** वा **"पहिलो पक्ष"** भनी सम्बोधन गरिएको) का तर्फबाट अख्तियार प्राप्त ऐ. का अध्यक्ष डा. बद्री के. सी. र श्रीमहल, पुल्चोक, ललितपुरमा कार्यालय रहेको नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, **राष्ट्रिय बाल अधिकार परिषद्...१** (जसलाई यसपछि **"परिषद्"** वा **"दोश्रो पक्ष"** भनी सम्बोधन गरिएको) का तर्फबाट अख्तियार प्राप्त ऐ. का सदस्य-सचिव श्री इन्द्रादेवी ढकाल र सानोठिमी, भक्तपुरमा कार्यालय रहेको **न्यूनतम् सुविधाविहीन बालबालिकाका लागि शैक्षिक कार्यक्रम नेपाल..१** (जसलाई यसपछि **"युसेप"** वा **"तेश्रो पक्ष"** भनी सम्बोधन गरिएको) का तर्फबाट अख्तियार प्राप्त ऐ. का निर्देशक श्री केशव सुवाल गरी तीन (त्रिपक्षीय) पक्ष आगे निम्नानुसारको शर्तहरु अनुसार सडक बालबालिका उद्धार, सरक्षण तथा व्यवस्थापनको कार्य गर्न तीनै पक्ष मञ्जुर भई सोलाई मुलुकी देवानी संहिता, २०७४ र प्रचलित नेपाल कानून अन्तर्गत रही <u>सडकबाट उद्धार भएका बालबालिकाको व्यवस्थापन लागि सहयोग गर्ने सम्झौता-पत्र</u> (जसलाई यसपछि **"सम्झौता-पत्र"** भनी सम्बोधन गरिएको) तयार गरी तीनै पक्षले आ-आफ्नो तर्फबाट सही छाप लगाई यस सम्झौता-पत्र लाई औपचारिक रुप दिई अधिकृत गरी सम्झौता-पत्र को प्रति लिनु दिनु गर्‍यौं । मुकाम परिषद्को कार्यालय ।

<u>शर्तहरु:</u>

१. दोस्रो पक्ष- बालबालिकाको अधिकार तथा हक हितको संरक्षण र सम्वर्द्धन गर्न बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५९ बमोजिम स्थापित परिषद् रहेको र तेस्रो पक्ष- नेपाल प्रचलित कानून बमोजिम दर्ता तथा समाज कल्याण परिषदमा आवद्ध भई परिषद्ले सडक बालबालिका उद्धार, सरक्षण तथा व्यवस्थापनको लागि सूचीकृत संस्था रहेको पहिलो पक्षले दोस्रो पक्ष र तेस्रो पक्षबाट जानकारी प्राप्त गरेकोछ।

२. सडकबाट उद्धार गरी तेस्रो पक्षको संरक्षणमा रहेका बालबालिका मध्ये ५० (पचास) जना बालबालिका लागि पहिलो पक्षले आर्थिक सहयोग उपलव्ध गराउँनेछ ।

३. पहिलो पक्षले बालबालिका लागि उपलव्ध गराउँने आर्थिक सहयोग तेस्रो पक्षलाई सोझै उपलव्ध गराउँनेछ र यसरी उपलव्ध गराएको आर्थिक सहयोग यसै सम्झौता-पत्र र परिषद्को रणनीतिक भूमिका अन्तर्गत रही परिषद्ले तोके बमोजिम उ खर्च तथा प्रयोग गर्नुपर्नेछ ।

४. तेस्रो पक्षले पहिलो पक्षबाट उपलव्ध गराउँने आर्थिक सहयोग प्राप्त गर्नका लागि परिषद् तथा बालबालिका खोजतलास समन्वय केन्द्र १०४ ले सिफारिस गरेका जम्मा ५० (पचास) जना सडक बालबालिकाको नाम र फोटो सहितको सूची उपलव्ध गराउँनु पर्नेछ । तेस्रो पक्षले १८ वर्ष(१७ वर्ष ११ महिना २९ दिन)भन्दा माथि उमेर समूहको बालबालिकालाई सूचीमा राख्न पाउँने छैन् ।

५. पहिलो पक्षले उपलव्ध गराएएको आर्थिक सहयोग तेस्रो पक्षले सडक बालबालिका सरक्षण तथा व्यवस्थापनको लागि परिषद् र युसेपबीच मिति २०७९-०५-१७ गते भएको सम्झौताको प्रकरण ४ (क) (१) मा उल्लिखित सेवाहरु प्रदान गर्न तथा सडक बालबालिका उद्धार, सरक्षण तथा व्यवस्थापन सम्बन्धी एकीकृत कार्यविधिऽ २०७६ बमोजिम प्रयोग गर्न पाउँनेछ ।

६. तेस्रो पक्षले परिषद् तथा बालबालिका खोजतलास समन्वय केन्द्र १०४ ले उद्धार तथा सिफारिस गरी पठाएका बालबालिकाको फोटो अनुसारका बालबालिकाले प्राप्त गर्ने गरी प्रति बालबालिका मासिक रु. ५,०००/- (अक्षरुपी पाँच हजार रुपैयाँ) दरले सहयोग पहिलो पक्षले तेस्रो पक्षलाई गर्नेछ ।

Government of Nepal
Ministry of Women Children & Senior Citizens
National Child Rights Council-NCRC
Shreemahal, Pulchowk, Lalitpur

UCEP
Nepal

७. पहिलो पक्षले सहयोग रकम प्रत्येक ३ (तीन) महिनाको अग्रिम प्राप्त गर्ने गरी ४ (चार) किस्तामा (नोट: *सम्झौता-पत्र हस्ताक्षरको भएको पहिलो महिना, चौथो महिना, सातौं महिना र दशौं महिना*) उपलब्ध गराउँनेछ ।

८. पहिलो किस्ताको रकम (नोट: *प्रति बालकाबालिका रु. १५,०००/- को दरले जम्मा रु. ७,५०,०००/-*) पहिलो पक्षले तेस्रो पक्षलाई यो सम्झौता-पत्र भएको १ (एक) महिना भित्र उपलव्ध गराउँनेछ ।

९. तेस्रो पक्षले आर्थिक सहयोग रकम सही ढंगले सदुपयोग भए नभएको सम्बन्धमा दोस्रो पक्षले अनुगमन एवं निरीक्षण मासिक रुपमा गर्नु पर्नेछ । अनुगमन एव निरीक्षण गर्दा पहिलो पक्षलाई समेत समावेश गराउँनु पर्नेछ ।

१०. पहिलो किस्ताको सहयोग रकम के कसरी खर्च भएको हो सो सम्बन्धी विवरण सहयोग रकम प्राप्त भएको मितिले ३ (तीन) महिना समाप्त भए पश्चात् तेस्रो पक्षले पहिलो पक्ष र दोस्रो पक्षलाई उपलव्ध गराउँनु पर्नेछ । प्रतिवेदनमा सहयोग भएको रकम दुरुपयोग भएको देखिएमा पहिलो पक्षले सो पश्चात यसै सम्झौता-पत्र अनुसार सहयोग गर्न प्रतिबद्धता जनाएको रकम यस सम्झौता-पत्र को कुनै पनि बुँदामा जे सुकै लेखिएको भए तापनि तेस्रो पक्षलाई आर्थिक सहयोग दिनका लागि कुनै पनि सूचना नदिई बन्द गर्नेछ ।

११. पहिलो किस्ता अनुसार प्राप्त भएको रकमको सदुपयोग सही ढंगले भएको मूल्याङ्कन भए पश्चात् मात्र पहिलो पक्षले दोस्रो किस्ताको रकम तेस्रो पक्षलाई उपलव्ध गराउँनेछ । यही क्रमानुसार तेस्रो किस्ता र चौथो किस्ताको रकम तेस्रो पक्षलाई पहिलो पक्षले उपलव्ध गराउनेछ ।

१२. तेस्रो पक्षले आफ्नो संरक्षणमा रहेका कुनै पनि बालबालिका उपर कुनै पनि प्रकारको हिंसा गरेमा वा कुनै पनि कानून विपरीत गतिविधि गरेको जानकारी दोस्रो पक्ष मार्फत वा अन्य कुनै पनि स्रोतबाट प्राप्त गरेमा र त्यस्तो गरेको देखिएमा पहिलो पक्षले तेस्रो पक्षलाई सहयोग गर्न बन्द गर्नेछ र यो सम्झौता-पत्र स्वतः अन्त्य हुनेछ ।

१३. यस सम्झौता-पत्र को अवधि यो सम्झौता-पत्र भएको मितिले १ (एक) वर्ष हुनेछ । सम्झौता-पत्र आपसी सहमतिमा नवीकरण नभएमा यो सम्झौता-पत्र भएको १ (एक) वर्ष पश्चात स्वतः अन्त्य हुनेछ ।

१४. यस सम्झौता-पत्रमा उल्लिखित विषयको सम्बन्धमा कुनै विवाद, मतमतान्तर उत्पन्न भएमा त्रिपक्षीय छलफलबाट समाधान गरिनेछ ।

१५. तीनै पक्षको आपसी समझदारीमा यस सम्झौता-पत्र मा हेरफेर, थपघट वा संशोधन वा पूरक सम्झौता-पत्र गर्न सकिनेछ । यससम्झौता-पत्र लाई आपसी समझदारीमा आवश्यकता र औचित्यको आधारमा गरिने कुनै हेरफेर, थपघट वा संशोधन वा पूरक सम्झौता-पत्र (करारनामा) समेत यसै सम्झौता-पत्र को अभिन्न अंग मानिनेछ ।

१६. यस सम्झौता-पत्र को व्याख्या एवं परिपालनाको सम्वन्धमा मुलुकी देवानी संहिता, २०७४ र प्रचलित नेपाल कानून बमोजिम गरिनेछ । यदि सम्झौता-पत्रका शर्त तथा व्यवस्थाहरु नेपाल कानूनसँग बाझिएमा उक्त बाझिएको हदसम्म यसं सम्झौता-पत्र का व्यवस्थाहरु स्वतः अमान्य हुनेछन् ।

Non-Resident Nepali Association NRNA Kathmandu, Nepal

Government of Nepal Ministry of Women Children & Senior Citizens National Child Rights Council-NCRC Shreemahal, Pulchowk, Lalitpur

UCEP Nepal

माथि उल्लिखित शर्तहरु पढी बाँची त्यसको अर्थ र परिणाम समेत बुझी उपरोक्त बमोजिम शर्त बन्देजहरुको अधीनमा रहने गरी सम्झौता-पत्र गर्न हामी तीनै पक्षहरु मञ्जुर भएको हुँदा झुट्टा ठहरेमा कानून बमोजिम सहुँला बुझाउँला ।

| पहिलो पक्ष | दोस्रो पक्ष | तेस्रो पक्ष |
| --- | --- | --- |
| नामः डा. बद्री के.सी.<br>पदः कार्यकारी अध्यक्ष<br>गैरआवासीय नेपाली संघ<br>छापः | नामः इन्द्रादेवी ढकाल<br>पदः सदस्य-सचिव<br>राष्ट्रिय बाल अधिकार परिषद्<br>छापः | नामः केशव सुवाल<br>पदः निर्देशक<br>न्यूनतम् सुविधाविहीन बालबालिकाका लागि शैक्षिक कार्यक्रम नेपाल<br>छापः |

Non-Resident Nepali Association NRNA Kathmandu, Nepal

Government of Nepal Ministry of Women Children & Senior Citizens National Child Rights Council-NCRC Shreemahal, Pulchowk, Lalitpur

UCEP Nepal

साक्षीहरुः

(१)गैरआवासीय नेपाली संघः महिला उपध्यक्ष श्री यस्मीन बेगम सयेद -१

(२)गैरआवासीय नेपाली संघः महिला सचिव श्री राधिका गुरुङ (टिका) -१

(३)महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय (बाल संरक्षण तथा विकाश महाशाखा): शाखा अधिकृत श्री सिता बेलबासे -१

(४)राष्ट्रिय बालअधिकार परिषद्: अधिकृत श्री रामबहादुर चन्द -१

(५)न्यूनतम् सुविधाविहीन बालबालिकाका लागि शैक्षिक कार्यक्रम, नेपालः उप-निर्देशक श्री सरोज न्यौपाने -१

इतिसम्वत् २०८० साल जेठ महिना १२ गते रोज ६ बार शुभम् ।

UCEP Nepal